# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## लमही नगरपालिका
## दाङ

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## लमही नगरपालिका

## दाङ

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

लमही नगरपालिका

दाङ

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाई



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ। यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन,खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वियनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ। समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ। एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन। अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**महालेखापरीक्षक**

२०८१ जेष्ठ ११

महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

(लुम्बिनी प्रदेश)

मितिः २०८१।२।११

प.सं. २०८०।८१

च.नं. ८६

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री नगर प्रमुखज्यू ,

लमही नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,

दाङ।

## १. कैफियत सहितको राय

हामीले लमही नगरपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को वित्तीय प्रतिवेदन, संलग्न अनुसूचीहरू, एकीकृत आय-व्यय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले लमही नगरपालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

## २. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. लमही नगरपालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय प्रतिवेदन महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय प्रतिवेदन तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू ८ करोड ३१ लाख ३२ हजार बेरुजु देखिएको छ। जसअनुसार बाँकी बेरुजु असुल गर्नुपर्ने रू.७६ लाख ५७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ करोड २ लाख ९३ हजार, नियमित गर्नुपर्ने रु.६ करोड १४ लाख १९ हजार र पेश्की बाँकी रु.३७ लाख ६१ हजार रहेको छ। लमही नगरपालिकाको गतवर्ष सम्म रु.४९ करोड ५५ लाख ४९ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. ५७ करोड ८६ लाख ८१ हजार ६३० रहेको छ ।

लमही नगरपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

२.३. हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ। वित्तीय प्रतिवेदन तयार गर्ने गंगादेव गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन्।

४. **वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्दा गल्ती कमजोरी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी लमही नगरपालिका व्यवस्थापनमा रहेको छ।नगर कार्यपालिका, नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृतको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती कमजोरी वा त्रुटी समेतका कारण सारभूत रुपमा गलत आँकडारहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले उच्चस्तरको आश्वस्तता प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका गल्ती कमजोरी वा त्रुटी पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन। वित्तीय प्रतिवेदनका उपयोगकर्ताले गर्ने आर्थिक निर्णयमा नै फरक पार्नसक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने गल्ती कमजोरी वा त्रुटीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

**(घनश्याम पराजुली)**
नायब महालेखापरीक्षक

लमही नगरपालिका, दाङ

## १. चालु वर्षको बेरुजु २०७९।८०

### बेरुजु वर्गिकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्योट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ३३ | ४१ | ८३१३३ | ० | ० | ० | ३३ | ४१ | ८३१३३ | ७६५७ | ६१४२० | १०२९४ | ० | ० | ७१७१४ | ३७६२ |

## २. अद्यावधिक बेरुजू स्थिति २०७९।८०

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| लमही नगरपालिका ,दाङ | ४९५५४९ | ० | ० | ४९५५४९ | ० | ८३१३३ | ५७८६८२ |

**पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।**

# परिचय

१ **(क)परिचय -** स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता सह—अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता उत्तरदायित्व पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस पालिकामा ९ वडा ५० सभा सद्स्य ३२६.६६ वर्ग किलोमिटर क्षेत्रफल तथा ५८ हजार ८८४ जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन राजश्व धरौटी कोष तथा अन्य आय-व्यय मौज्दात हिसाब आर्थिक व्यवस्थापन कार्यक्रम सञ्चालन जिन्सी व्यवस्थापन जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ। स्थलगत लेखापरीक्षणको अवधि २०८०।०८।१३ देखि २०८०।१०। १३ सम्म रहेको छ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात विवरण लिखित प्रतिनिधित्व पत्र लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ समय सीमा स्रोतको उपलब्धता प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन्। सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन।

**(च) आर्थिक कारोबारको स्थिति -** नगरपालिकाको प्राप्ति भुक्तानीतर्फ रु.२ अरव १३ करोड ७० लाख ४३

हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ। सो को बिष्तृत विवरण **अनुसूची -१ मा** संलग्न छ ।

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदन**- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६९ र ७२ बमोजिम यस लमहीनगरपालिकाले प्राप्त गरेको आय अनुदान तथा सहायता समेत स्थानीय सञ्चितकोष व्यवस्थापन प्रणालीबाट यसवर्ष सुत्र (SuTRA) को २७२ बाट देखिएको आय व्यय र बाँकीको विवरण सो को बिष्तृत विवरण तथा संघिय सरकार र प्रदेश सरकार तर्फको C-GAS मार्फत आम्दानी र खर्चको आय व्यय विवरण **अनुसूची -२** मा संलग्न छ।

३ **बैङ्क हिसाव विवरण** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोवार आय व्ययको लेखा प्रणाली तथा राजश्व र खर्च शीर्षकको वर्गीकरण अनुसार राखु पर्ने व्यवस्था छ । पालिकाले म.ले.प.फा.नं.२१२ तयार गरी बैङ्क हिसाव विवरण भिडान गरेको देखिएन। पालिकाले बैङ्क हिसाव विवरण तयार नगरेको कारण निम्नानुसारको खातामा स्रेस्ता र वर्षान्तको बैङ्क मौज्दातमा देहाय अनुसार फरक परेको छ।

| बैंकको नाम | खाताको प्रकार | श्रेस्ता अनुसार बाकी रु | बैंक अनुसार बाकी रु |
|---|---|---|---|
| राष्ट्रिय बाणिज्य बैंक लिमिटेड | ग १.१ आन्तरिक राजस्व खाता | ० | ० |
| राष्ट्रिय बाणिज्य बैंक लिमिटेड | ग १.२ बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | ० |
| राष्ट्रिय बाणिज्य बैंक लिमिटेड | ग १.३ आन्तरिक अनुदान खाता | ० | ० |
| राष्ट्रिय बाणिज्य बैंक लिमिटेड | ग २.२ चालू खर्च खाता- जोर वर्ष | १५०००.०० | ४२८१३७७९.४९ |
| राष्ट्रिय बाणिज्य बैंक लिमिटेड | ग २.४ पुँजीगत खर्च खाता- जोर वर्ष | ० | ३५५२८२८१.८० |
| राष्ट्रिय बाणिज्य बैंक लिमिटेड | ग २.७ विविध खर्च खाता | ५७०८१९.४३ | ५७०८१९.४३ |
| राष्ट्रिय बाणिज्य बैंक लिमिटेड | ग ३.१ स्थानीय तह धरौटी खाता | १६२५५००२.६३ | १६१९२६९२.६३ |
| राष्ट्रिय बाणिज्य बैंक लिमिटेड | ग ४.१ स्थानीय तह सञ्चित कोष खाता | ३७६२४८३८.४३ | ३७६१४८१०.४३ |
| राष्ट्रिय बाणिज्य बैंक लिमिटेड | ग ५.१ स्थानीय तह विविध कोष खाता | ६४२९६५७.०० | ६२२९६५७.०० |
| राष्ट्रिय बाणिज्य बैंक लिमिटेड | ग ६.१ स्थानीय तह विभाज्य कोष खाता | ० | ० |
| राष्ट्रिय बाणिज्य बैंक लिमिटेड | ग ७.२ स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | १६३०९८६.४३ | १६४८२२३.४३ |
| बैंक कारोबारमा भिन्नता [राजस्व खाता र सञ्चित कोष खाता] | | ५४८०५०८२.७५ | |
| जम्मा | | ११ ७३ ३१ ३८६.६७ | ११७३३१३८६.६७ |

म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाव मिलान गर्नुपर्दछ ।श्रेस्तामा भन्दा बैकमा वढी देखिएको रकम एकिन गरी आम्दानी वाँध्नु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

४ **सञ्चित कोषमा स्थानान्तरण -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको चालु खर्च खातामा रु.४ करोड २८ लाख १३ हजार ७७९ पुँजीगत खातामा रु. ३ करोड ५५ लाख २८ हजार २८१ मौज्दात रहेको पाइयो। तोकिएको समयमा सो रकम सञ्चित कोषमा स्थानान्तरण गरी हिसाब मिलान गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

५ **बजेट पेश पारित र अख्तियारी -** स्थानीयतह सञ्चालन ऐन २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उप प्रमुखले मिति २०७९।३।१० मा रु.१ अरव ३९ करोड ८१ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।३।१० पारित भएको छ । यसैगरी स्थानीयतहका प्रमुखले मिति २०७९।३।१८ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । समयमै बजेट पारित गरी अख्तियारी प्रदान दिनुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

६ **गत विगतको भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन२०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले नियमित र चालु प्रकृतिका खर्चको गत विगतको भुक्तानी दिन बाँकी दायित्व बजेटमा समावेश गरी २८६ योजनामा रु.६ करोड ७५ लाख ९८ हजार तथा ईन्धन खर्च लगायतका विभिन्न चालु खर्च समेत भुक्तानी दिएको छ। ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

७ **योजनाको प्राथमिकीरण -** स्थानीय सरकार सञ्चालन ऐन२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण उत्पानदमुलक रोजगारी लागत सहभागिता स्थानीय स्रोत र साधन समावेशी विकास दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना प्राथमिकताआधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिका पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नानुसार कुल ५२६ योजनामा वजेट विनियोजन गरेको छ।

| कार्यक्रमको नाम | कुल योजना संख्या | रु.५० लाख भन्दा वढीको | रु.२० देखि ५० लाख | रु. ५ लाख देखि २० लाख सम्म | रु.५लाख भन्दा कम |
|---|---|---|---|---|---|
| पुर्वाधाधर तर्फ | ४०६ | २६ | १४ | १७६ | १९० |
| अन्य कार्यक्रम | १३० | ० | ४ | १५ | १११ |
| | ५२६ | २६ | १८ | १९१ | ३०१ |

उपर्युक्त विवरण अनुसार पालिकाले साना र वितरमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृति खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ। योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८ **क्षेत्रगत बजेट र खर्चको स्थिति -** स्थानीय तहको एकीकृत समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको छ। पुर्वाधार विकास तथा आर्थिक विकासमा स्रोत वढाउनुपर्ने देखिन्छ ।

| क.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत कुल खर्चको तुलनामा |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ५८० ०२० | २२७६१ | २३.५६ |
| २ | पूर्वाधार विकास | ७१८६०० | ४५८००८ | ४७.४ |
| ३ | सामाजिक विकास | ३४११४८ | २५६९६३ | २६.५९ |
| ४ | संस्थागत विकास सेवा प्रवाह र सुशासन | ३३२४१ | २३४२६ | २.४ |
| ५ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | २९२०८९ | २०४९०३ | २१.२१ |
| | जम्मा | १४४३०९८ | ९६६०६१ | |

सैद्धान्तिक बेरुजु

९ **त्रैमासिक खर्च -** कार्यालयको लागि स्विकृत वार्षिक वजेट तथा कार्यक्रम अनुसार प्रत्येक त्रैमासिकमा खर्च गर्ने वजेटको अनुमान गरिएको र सोही बमोजिम खर्च गर्नुपर्नेमा कार्यालयले कुल खर्चको तुलनामा प्रथम त्रैमासिक १ प्रतिशत दोस्रो त्रैमासिकमा २.७२ प्रतिशत तेस्रो त्रैमासिक १५.७६ तथा चौथो त्रैमासिक ८०.७७

प्रतिशत खर्च गरेको देखिन्छ। कुल खर्चको तुलनामा आषाढ महिनामा मात्र ४६.६ प्रतिशत खर्च गरेको छ। शिर्षकगतत्रैमासिक खर्च निम्नानुसार रहेको छ।

| क.स | बजेट उपशिर्षक | कुल खर्च | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेश्रो त्रैमासिक | चौथो त्रैमासिक | आषाढ महिना |
|---|---|---|---|---|---|---|---|
| १ | पूँजिगत खर्चतर्फ | ५०५२७० | ५२२३ | १३७६१ | ७८१३० | ४०८१५४ | २३५५०४ |
| | प्रतिशत | 63.39 | १ | २.७२ | १५.७६ | ८०.७७ | ४६.६ |

वार्षिक कार्यक्रम अनुसार त्रैमासिक रुपमा खर्चको प्रकृति हेर्दा कुल खर्चमध्ये चौथो त्रैमासिकमा ८०.७७ प्रतिशत तथा आषाढ महिनामा मात्र ४६.६प्रतिशत खर्च भएको देखियो । यसरी आर्थिक बर्षको अन्तमा खर्चको भार बढी हुँदा प्रशासनिक कार्यबोझ बढी हुने अनुगमन तथा निरीक्षण हुन नसकी कामको गुणस्तर कायम गर्न कठिनाई हुने भएकोले कार्यालयले वार्षिक कार्यक्रम त्रैमासिक लक्ष्य अनुसार खर्च व्यवस्थापन गर्नुपर्ने देखियो।

सैद्धान्तिक बेरुजु

१० **योजना तथा वजेट कार्यान्वयन -** यस योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छनः

- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन। साथै दीगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागू गरेको समेत छैन।
- सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु.१० करोड भन्दा बढी रकमको वस्तु निर्माण परामर्श लगायत खरिद गर्दाखरिद गुरुयोजना तयार गर्नुपर्नेमा पालिकाले रु. १८ करोड ६२ लाखको खरिद गरेकोमा खरिद गुरुयोजना तयार गरेको पाइएन।
- स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७९ तथा पालिकाको विनियोजन ऐन२०७८ को दफा २ अनुसार यस वर्ष थपघट समेत कार्यपालिकाको निर्णयबाट विभिन्न योजना तथा कार्यक्रमवाट रु. १९ करोड ३८ लाख विचभिन्न योजना तथा कार्यक्रममा रकमान्तर गरेको छ। उक्त रकम वजेटको तुलनामा १३.६२ प्रतिशत हुन्छ। आर्थिक वर्षको अन्तमा रकमान्तर गर्ने परिपाटीमा सुधार भएको पाइएन।

उल्लेखित अवस्थाका कारण पालिकाको वित्तीय व्यवस्थापन कुशल देखिदैन। तसर्थ नगरपालिकाले योजना तथा बजेट कार्यान्वयनलाई विश्वसनीय र प्रभावकारी बनाउने तर्फ ध्यान पर्दछ।

११ **आन्तरिक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था रहेको छैन। यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छनः

- पालिकाले यस वर्ष कार्य सञ्चालन निर्देशिका तर्जुमा नगरी बैठक भत्ता तालिम गोष्ठी लगायतका कार्यक्रम खर्च गरेको छ।
- पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन।
- पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन।
- सञ्चालित योजनाको सूचनापाटीमा आय—व्यय अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन। सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ।
- निजामती सेवा ऐन २०४९ बमोजिम यस पालिकाकामा कार्यरत कर्मचारीको कार्य विवरण वनाई सोको आधारमा कार्यसम्पादन मुल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन।
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन२०७६ को दफा ३३ (४) मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरि सोको प्रतिवेदन दिनुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात मात्र लेखापरीक्षण र प्रतिवेदन दिने गरेको पाइयो।
- ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु लागत सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।
- पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन।
- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन ।
- भ्रमण खर्च नियमावली २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले भ्रमण तथा अनुगमन वापत रु.४१ लाख ८२ हजार खर्च लेखेकोमा अनुगमन प्रतिवेदन पेश गरेको छैन भने भ्रमण उपलब्धिको मूल्याङ्कन गरेको छैन ।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । विविध खर्चतर्फ पालिकाले रू.६८ लाख २९ हजार खर्च गरेको छ । खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

- पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।
- पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।
- संस्थागत विद्यालयहरूको दर्ता नवीकरण शुल्क निर्धारण वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।
- संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्याङ्क IEMIS अद्यावधिक गरेको छैन।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

१२ **सेवाप्रवाहको स्थिति** -यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :

| विवरण | जम्मा |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | ३० |
| जन्मदर्ता | ७८७ |
| मृत्युदर्ता | ४४४ |
| बसाईसराई दर्ता | ४६४ |
| विवाह दर्ता | ८५७ |
| सम्बन्धविच्छेद दर्ता | ५० |

स्थानीय सरकार सञ्चालन ऐन२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा प्रवाहको अभिलेख राखेको देखिएन ।

| सैद्धान्तिक बेरुजु |
|---|

१३ **तलवी प्रतिवेदन** - निजामती सेवा ऐन,२०४९, स्वास्थ्य ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य शिक्षा कृषि तर्फ समेतको रु.१४ करोड ३० लाख र पालिकाका चालुतर्फ कर्मचारीको रु.५ करोड ४६ लाख गरी रु.१९ करोड ७६ लाख ७० हजार खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी

तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

१४ **कर्मचारी व्यवस्था** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा 83 मा स्थानीय तहले स्थायी प्रकृतिको कामको लागि आवश्यक पर्ने तथा सेवा करारमा लिने कर्मचारीको लागि लाग्ने खर्च व्यहोर्ने स्रोत समेत विश्लेषण गरी दरबन्दी प्रस्ताव गर्नुपर्ने र यस्तो दरबन्दीको व्यवस्थापन सर्वेक्षण गरी सभावाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ। तर पालिकाले स्वीकृत दरवन्दी वेगरका पदमा कर्मचारी नियुक्ति गरी तलव भत्ता भुक्तानी गरेको पाइयो। दरबन्दी भन्दा बढी कर्मचारी नियुक्तिको पुष्ट्याई तथा औचित्य पालिकाले पेश गरेको छैन। स्वीकृत दरबन्दी बेगरका पदमा कर्मचारी करारमा नियुक्त गरी रु.२ करोड २१ लाख ७४ हजार भुक्तानी भएको रु.

| | | |
|---|---|---|
| | अनियमित भएको | २२१७४००० |

१५ **कानुनी सल्लाहकार** - स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधासम्बन्धी ऐन २०७५ मा पदाधिकारीहरूको लागि स्वकीय सचिव र सल्लाहकार राखी पारिश्रमिक दिने व्यवस्था छैन। सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७७।११।२५ को परिपत्र अनुसार मापदण्ड बनाई यस्तो खर्च लेख्ने उल्लेख गरे तापनि सो अनुसार मापदण्ड बनाएको देखिएन। पालिकाले यस वर्ष १ जना कानूनी सल्लाहकार नियुक्त गरी चाडपर्व खर्च समेत रु.२ लाख १६ हजार ३२५ पारिश्रमिक भुक्तानी दिएको छ। सल्लाहकार नियुक्ति गर्दा स्पष्ट कार्य विवरण तयार गरी सोको मुल्याङ्कनको आधारमा भुक्तानी दिने व्यवस्था गर्नुपर्ने रु.

| | | |
|---|---|---|
| | अनियमित भएको | २१६३२५ |

१६ **कल्याण कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ ।साथै नेपाल सरकार सचिव स्तरको २०८०।९।१७ को निर्णय अनुसार अनिवार्य रुपमा यस्तो कोषको स्थापना गर्ने र कानुन वमोजिम पाउने उपदान निवृत्तिभरण औषधिउपचार लगायतका सम्पुर्ण सुविधा यसै कोषबाट खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकामा ६ जना स्थानीय सेवाका कर्मचारीहरु कार्यरत भएका र उक्त कर्मचारीहरुकालागि यस वर्ष रु.३० लाख ४८ हजार खर्चलेखे पनि दश प्रतिशतले हुन आउने रु.३ लाख ४ हजार कट्टा गरी सोही वमोजिम पालिकाले समेत अवकासकोषमा रकम जम्मा गर्नुपर्नेमा पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रु.२० लाख ट्रान्सफर गरेको छ। कानुनी व्यवस्था विपरित कल्याणकोषमा ट्रान्सफर गर्न मिल्ने नदेखिएकाले उक्त रकम सञ्चित कोषमा दाखिला हुनुपर्ने रु.

| | | |
|---|---|---|
| | असुल गर्नुपर्ने | २०००००० |

१७ **कर्मचारी प्रोत्साहन भत्ता** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन सञ्चालन व्यवस्थापन सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन

बमोजिम हुने दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ। स्थानीय तहले कानुन तथा कार्यविधि नबनाई कर्मचारीहरुका लागि रु.९ लाख ३६ हजार प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको छ। पालिकाको आन्तरिक आयलाई समेत विचार गरी कानुन बमोजिम खर्च लेख्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१८ **आर्थिक सहायता** - पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। तर पालिकाले यो वर्ष मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न संघसंस्था र व्यक्तिहरुलाई रु.३ लाख ६५ हजार आर्थिक सहायता वितरण गरेको छ। वितरित सहायताको औचित्य पुष्ट्याई गरेको छैन। निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ।

सैद्धान्तिक बेरुजु

१९ **जिन्सी निरीक्षण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४ ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ। तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन। नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

२० **कानुन निर्माण तथा कार्यान्वयन** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम निर्देशिका कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार १३ वटा ऐन तथा ६२ नियमावली तथा कार्यबिधि स्वीकृत भए पनि सोको प्रभावकारी कार्यान्वयन भएको देखिदैन ।

सैद्धान्तिक बेरुजु

२१ **न्यायीक समिति** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। न्यायीक समितिको कार्यसम्पादन देखिनेगरी अभिलेख व्यवस्थापन गरेको देखिएन। समितिमा परेको उजुरीको तोकिएको समयमा टुङ्गो लगाउने तथा सोको अभिलेख व्यवस्थित गर्नुपर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

२२ **सहकारी सञ्चालन -** यस नगरपालिकामा निम्नानुसारको सहकारी संस्थाहरु दर्ता भएका र सो को संञ्चालन अवस्था देहाय अनुसार रहेको विवरण प्राप्त भएको छ।

| सि. नं . | व्यहोरा | सङ्ख्या | मासिक विवरण पेश गर्ने सङ्ख्या | अनुगमन गरेको सङ्ख्या |
|---|---|---|---|---|
| १ | बचत तथा ऋण कारोवार गर्ने सहकारी संस्था | २२ | ० | ० |
| २ | बहुउद्देश्यीय सहकारी संस्था | २ | ० | ० |
| ३ | अन्य संस्था | २० | ० | ० |

२२.**१ सहकारी सञ्चालन -** यस नगरपालिकामा निम्नानुसारको सहकारी संस्थाहरु दर्ता भएका र सो को संञ्चालन अवस्था देहाय अनुसार रहेको विवरण प्राप्त भएको छ ।

**२२.२** सहकारी संस्थाहरुले मासिक प्रतिवेदन पेश गर्नुपर्नेमा कुनै पनि सहकारी संस्थाले प्रतिवेदन नषरेको नियमित अनुगमन गरी सुधारको लागि निर्देशन दिनुपर्नेमा सोको अनुगमन गरेको देखिएन। नियमित मासिक प्रतिवेदन गर्ने व्यवस्था गर्ने साथै सहकारीहरुको नियमित अनुगमन गरी सुधारका लागि आवश्यक कार्वाहि हुनुपर्दछ ।

**२२.३सहकारीवाट वचत हिनामिना -** बनगाउँ बचत तथा ऋण सहकारी संस्था लि. लमही ५ को सहकारी संस्थाले सेयरसदस्यहरुको बचतकर्ताको बचत रकम हिनामिना गरेकोले जिल्ला अदालत घोराहीमा मुद्धा चलिरहेको विवरण प्राप्त भएको छ । वचतकर्ताको वचत हिनामिना हुने कार्यमा नियन्त्रण गर्न नियमित अनुगमन गर्नुपर्ने देखिन्छ ।

**२२.४कार्य सम्पादनमा कठिनाई -** सहकारी संस्था नियमन सम्बन्धी स्थानीय तहको आफै नीति नियम मापदण्डको अभाव रहेको साविक सहकारी डिभिजन कार्यालय घोराहीमा दर्ता भएका सबै सहकारी संस्थाहरुको विनियम पुरानो सहकारी ऐन २०४८ बमोजिम स्वीकृत भएको हुदाँ विनियम संशोधन तत्काल गर्नु पर्ने र सो विनियम संशोधन नहुदा सम्म र संस्थाहरुलाई अनुगमन गर्ने कार्यविधी वा मापण्ड नबन्दा सम्म अनुगमन गरी सुधार गर्न नसकिएको ले कार्यसम्पादनमा कठिनाई परेको उल्लेख छ । आवश्यक कानुनको तर्जुमा गरी नियमित अनुगमन गरी सहकारी संस्थाहरुलाई उद्देश्य वमोजिम सञ्चालनमा सहयोग गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२३ **पेश्की व्यवस्थापन**

२३.१ **पेश्की बाँकी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ। पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्यौंट नभई बाँकी रहेको देखिन्छ। सो मध्ये निम्नानुसारको म्याद नाघेको पेश्की रु.३७ लाख ६१ हजार ७०० फस्यौंट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फस्यौंट गर्नुपर्ने रु...

| पेश्की लगेको मिति | विवरण | पेश्की लानेको नाम | पेश्की रकम |
|---|---|---|---|
| ०२/०९/२०८० | पदाधिकारी | मनोज कुमार चौधरी ( पदाधिकारी ) | २०००० |
| ०२/०९/२०८० | पदाधिकारी | मनोज कुमार चौधरी ( पदाधिकारी ) | ३०००० |
| ०२/०९/२०८० | पदाधिकारी | मनोज कुमार चौधरी ( पदाधिकारी ) | २०००० |
| ०२/०९/२०८० | पदाधिकारी | मनोज कुमार चौधरी ( पदाधिकारी ) | २०००० |
| ०२/०९/२०८० | पदाधिकारी | मनोज कुमार चौधरी ( पदाधिकारी ) | ६०००० |
| ११/१७/२०८० | कर्मचारी | हरिचन्द्र रिजाल | ४०० ००० |
| ०३/०५/२०८० | कर्मचारी | मंगल सिंह भण्डारी | ३०००० |
| ०३/२६/२०८० | कर्मचारी | सिमा कुमारी चौधरी | ३०० ००० |
| ११/२५/२०७९ | विद्यालय | श्री आदर्श माध्यामिक विद्यालय | १०० ००० |
| ११/२५/२०७९ | विद्यालय | श्री आदर्श माध्यामिक विद्यालय | ७०० ००० |
| ०३/०६/२०८० | विद्यालय | श्री सुर्य विनायक माध्यामिक विद्यालय | ९०० ००० |
| ०७/१६/२०७९ | कर्मचारी | शिवराज न्यौपाने | ७४९ ००० |
| ०३/१३/२०८० | कर्मचारी | सुरेखा थारु | ७७७०० |
| ०३/१३/२०८० | विद्यालय | श्री प्राथमिक विद्यालय टिकुलीगढ | ७५००० |
| ०३/१३/२०८० | विद्यालय | श्री बाल जनता आधारभुत विद्यालय वनगाउँ | ७५००० |
| ०३/१३/२०८० | कर्मचारी | मधुसुदन के.सि. | ५०००० |
| ०३/१३/२०८० | कर्मचारी | रविन्द्र जि.सी. | २५००० |
| ०३/१३/२०८० | कर्मचारी | शिवराज न्यौपाने | ११० ००० |
| ०३/१३/२०८० | कर्मचारी | सिमा चौधरी | २०००० |
| | | जम्मा | ३७६१७००।० |

| | |
|---|---|
| पेश्की | ३७६१७०० |

२३.२ **म्याद ननाघेको पेश्की -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ तथा खरिद सम्झौता वमोजिम पेश्की फस्योंट गर्नुपर्दछ। पालिकाले यस वर्ष निम्न निर्माण व्यवसायीलाईलाई रु.५९ लाख ४१ हजार पेश्की दिएको छ। उक्त पेश्की आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी खरिद सम्झौता वमोजिम पेश्की फस्योंट गर्नुपर्दछ।

| पेश्की लगेको मिति | विवरण | पेश्की लानेको नाम | पेश्की रकम |
|---|---|---|---|
| ३१/३/२०८० | निर्माण व्यवसायी | काजी एण्ड ब्रदर्स बिल्डर्स प्रा.लि. | २ ४४५७६ |
| ३१/३/२०८० | निर्माण व्यवसायी | काजी एण्ड ब्रदर्स बिल्डर्स प्रा.लि. | २ ४४ ५७६ |
| ३१/३/२०८० | निर्माण व्यवसायी | देउखुरी कन्स्ट्रक्सनप्रा. लि. | १ ४८ ००० |
| ३१/३/२०८० | निर्माण व्यवसायी | भिजन निर्माण सेवा | १० ०० ००० |
| ३१/३/२०८० | निर्माण व्यवसायी | लोकमणी बिल्डर्स | ७ ०० ००० |
| ३१/३/२०८० | निर्माण व्यवसायी | सि. ब्रदर्स कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली. | १ १७ १८८ |
| ०५/११/२०७९ | निर्माण व्यवसायी | राजवीर निर्माण सेवा प्रा.लि. | ९ ५८ ८०० |
| ०५/११/२०७९ | निर्माण व्यवसायी | भान्जा इन्फ्रास्ट्रक्चर कम्पनि प्रा.लि | ३ ०२ ०८८ |
| १०/११/२०७९ | निर्माण व्यवसायी | भान्जा इन्फ्रास्ट्रक्चर कम्पनि प्रा.लि | २ ९६ ४४२ |
| २५/११/२०७९ | निर्माण व्यवसायी | मल्लरानी निर्माण सेवा | २ ५० ००० |
| ३०/११/२०७९ | निर्माण व्यवसायी | रेहन निर्माण सेवा | १ ७० ००५ |
| ०२/१२/२०७९ | निर्माण व्यवसायी | उज्ज्वल निमार्ण सेवा | १२ २३ ५०० |
| ०४/०१/२०८० | निर्माण व्यवसायी | ओम निर्माण सेवा | २ ८६ ७०२ |
| | | जम्मा | ५९४१८७७।० |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२४ **डि.पि.आर.निर्माण तथा अन्य परामर्श सेवा -** नगरपालिका अन्तर्गतका विभिन्न योजनाहरुको डि.पि.आर.तयार तथा निम्न विभिन्न विषयमा परामर्श सेवा लिई यस वर्ष निम्नानुसार रु. लाख हजार भुक्तानी भएको छ। सवै परामर्श सेवाको कार्य विवरणमा ड्राफ्ट प्रतिवेदन पेश गरी सोको प्रस्तुतिकरण तथा चेक जाँच पछि मात्र

अन्तिम प्रतिवेदन पेश गर्ने तथा अन्तिम प्रतिवेदनमा पनि TOR वमोजिमको भए नभएको परीक्षण गरी अधिकार प्राप्त अधिकारीले स्वीकृत गरेपछि मात्र अन्तिम किस्ता भुक्तानी गर्नुपर्नेमा कुनै ड्राफ्ट प्रतिवेदन पेशनगरेको एकै पटक अन्तिम प्रतिवेदन पेश रकम भुक्तानी भएको छ । पालिकामा प्राविधिक कर्मचारीहरुको दरवन्दी रहेकोमा पालिका स्तरीय योजनाको डि.पि.आर.तयार वाह्य परामर्शदातावाट कार्य गराएको हाल सम्म भएका डि.पि.आर.प्रतिवेदनहरुको अभिलेख राखेको देखिदैन त्यस्तै यस वर्ष लिएका परामर्श सेवाको समेत प्रतिवेदनको कार्यान्वयन नभएकोले उक्त खर्च समेत प्रतिफल विहिन देखिएको छ ।आवश्यकताका आधारमा मात्र परामर्श सेवा लिने तथा सोको अभिलेख राखि कार्यान्वयनमा ल्याउनु पर्ने देखिन्छ । साथै निम्नानुसार उपयोगमा आयका कर्री खोलावगही खोलापुल र आश्रयघर डी. पि. आर. विभिन्न घाटखोलाको IEE वाहेकको उयोगको सुनिश्चितता तथा कार्यान्वयनमा नआएको अवस्था देखिएकोले पालिकालाई अनावश्यक व्ययभार पर्ने गरी कार्य भएको रु.

| कामको विवरण | परामर्शदाता | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|
| **विभिन्न परामर्श सेवा** | | | |
| नगरस्तरीय योजनाको भिडीयो निर्माण | राज मिडीया | ४९५५०५।० | उपयोग तथा प्रयोजन नखुलेको |
| फोहोर व्यवस्थापन सप्टवेयर | ग्रीन ओसन कन्सल्टेन्सी | १९३७९५०। | उपयोगमा नआएको |
| फोहोर व्यवस्थापन विस्तृत परियोजना प्रस्ताव | क्लक कन्सटेन्ट | ९८००००।० | उपयोगमा नआएको |
| सुचना व्यवस्थापन प्रणाली तयारी | जरुवा नेपाल | १८६४९९९।० | उपयोगमा नआएको |
| घर जग्गा पास सफ्टवेयर | ईभरग्रीन कन्सल्टेन्ट | १९९८९७०।० | उपयोगमा नआएको |
| कृषि एप निर्माण | कृमल टेक प्रा.लि. | ७१५२९०।० | उपयोगमा नआएको |
| भू उपयोग तथा जोखिम क्षेत्र मुल्याङ्कन | माहुरी नेपाल | १९६५०००।० | कार्यान्वयनको योजना नवनेको |
| जग्गाहरुको वर्गीकरण कार्य | एलाईभ ईन्जीनीयरिङ | १९७९७६०।० | कार्यान्वयनको योजना नवनेको |
| जम्मा | | ११९३७४७४। | |
| **डि.पि. आर तथा IEE हरु तयारी** | | | |
| कर्री खोलावगही खोलापुल | एश्री कन्सल्टेन्ट | १९६७३३०।० | कार्यान्वयनमा आएको |
| विभिन्न घाटखोलाको IEE | चाणक्य कसल्टेन्ट | १४७३८००।० | आय ठेक्का भएको |
| थारु संग्रालय | रा वा ईन्जीनियरिङ | १९९८९७०।० | कार्यन्वयनमा नआएको |
| आश्रयघर डी पि आर निर्माण | मुस्टार ईन्जीनियरिङ | ५३०३९४।० | कार्यन्वयनमा आएको |
| जम्मा | | ५९७० ४९४। ० | |

| | |
|---|---|
| अनियमित भएको | १,१९,३७,४७४ |

२५ **अधुरा निर्माण कार्य** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११९(२)क वमोजिम निर्माण कार्यको हकमा आयोजनको उद्देश्य अनुरुप उपयोगमा आएको अवस्थामा कार्य स्वीकार प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था रहेको छ। निम्न योजनामा वजेट विनियोजनका आधारका आंशिक कार्यका लागि लागत अनुमान तयार तथा कार्य सम्पन्न गरि कार्य स्वीकार प्रतिवेदन तयार गरेको भए पनि योजना अधुरा रहेका यस वर्ष वजेट विनियोजन नभएको तथा सम्पन्न तथा उपयोगको सुनिश्चितता देखिएन ।

२५.१ २७४८०।२।२९ दुमदुमा खैराटोल संस्थाको भवन निर्माणको फाउण्डेसन र पिलरको लागत अनुमान रु.५ लाख ४३ हजार स्वीकृत गरी उपभोक्तामार्फत कार्य गराई रु.५ लाख ४२ हजार भुक्तानी भएको छ ।उक्त निर्माणकार्यमा यस वर्ष वजेट विनियोजन नभएको तथा उपभोक्तावाट काम पनि नभएकोले अधुरो रहेको तथा खर्च भएको रकमको उपयोगको सुनिश्चितता देखिएन। अतः निर्माण कार्य अधुरो गरहने गरी तथा उपयोगमा आउन नसक्ने कार्यमा रकम खर्च गरी व्यभार वढाएको रु.

| | |
|---|---|
| अनियमित भएको | ५४२३७१ |

२५.२ २४७।८०।२।२४ जनकपुर टोल संस्थाको चार कोठे भवन निर्माणको फाउण्डेसन र पिलरको लागत अनुमान रु.८ लाख ६५ हजार स्वीकृत गरी उपभोक्तामार्फत कार्य गराई रु.७ लाख ७४ हजार भुक्तानी भएको छ। उक्त निर्माणकार्यमा यस वर्ष वजेट विनियोजन नभएको तथा उपभोक्तावाट काम पनि नभएकोले अधुरो रहेको तथा खर्च भएको रकमको उपयोगको सुनिश्चितता देखिएन। अतः निर्माण कार्य अधुरो रहने गरी तथा उपयोगमा आउन नसक्ने कार्यमा रकम खर्च गरी व्यभार वढाएको रु.

| | |
|---|---|
| अनियमित भएको | ७७४०५८ |

२६ **पेश्की फछ्र्यौट** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ वमोजिम तथा खरिद सम्झौताको विशेष सर्त वमोजिम सम्झौता रकमको ३० प्रतिशत काम भए पछि प्रत्येक विलको ३० प्रतिशतका दरले रकम कट्टा गरी पेश्की फछ्र्यौट गरी असी प्रतिशत काम हुँदा सम्पुर्ण रकम फछ्र्यौट गर्नुपर्ने व्यवस्था रहेको छ। वगही खोला पुल निर्माणको लागि राजवीर निर्माण सेवाको रु.२ करोड ८६ लाख २२ हजार स्वीकृत गरी खरिद सम्झौता भएको ९८ प्रतिशत कार्य भई रु.२ करोड ८६ लाख भुक्तानी हुँदा पेश्की वाँकी रु.९ लाख ३० हजार रकम पुरै फस्यौंट गर्नुपर्नेमा गरेको देखिएन। अत उक्त रकम व्याज सहित असुल फस्यौंट गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९३०००० |

२७ **भेरियसन** - सार्वजनिक खरिद नियमावली२०६४ को नियम ११८ वमोजिम खरीद सम्झौता गर्दाका वखत पुर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनका वखत सृजना भएमा सोको प्राविधिक पुष्टयाई र कारण सहित भेरियसन आदेश जारि गर्न सकिने व्यवस्था छ। वडा नंम्वर ९ को कार्यालय भवन निर्माण लागत अनुमान रु.९९ लाख ९१ हजार स्वीकृत गरी बोलपत्र भएकोमा गगन निर्माण सेवाको रु.६३ लाख

२७ हजार स्वीकृत गरी खरिद सम्झौता भएकोमा (६६७४८७।०) १०.५४ प्रतिशत वढी ६९ लाख ९५ हजारको कार्य भई भुक्तानी भएकोमा खरीद नियमावली वमोजिम भेरियसन स्वीकृत भएको नदेखिएको रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६६७४८७ |

२८ **ट्याक कोट -** सडक विभागवाट स्वीकृत भएको सडक निर्माणको स्पेसिफिकेसन २०७३ संशोधन समेत को SECTION 1300 – BITUMINOUS SURFACE AND BASE COURSE को पृष्ठ २१५ मा ट्याक कोट प्रति वर्ग मिटर औषत ०.४ देखि ०.६ सम्म हुने उल्लेख छ। पालिकाले विभिन्न सडकमा कालोपत्रे कार्यमा ट्याक कोट प्रति वर्गमिटरमा ०.६ भन्दा वढी औषतका दरले भुक्तानी दिएको देखियो । पालिकाले अधिकत ०.६० ले हुन आउने मात्र भुक्तानी दिनुपर्नेमा वढी हुनेगरी भुक्तानी भएको रु.२१ लाख ६८ हजार भुक्तानी दिएको रु

| भौ.नं.मिति | कामको विवरण | स्पेसिफिकेसन भन्दा वढी परिमाण लि. | रकम |
|---|---|---|---|
| २१६।७९।६।२९ | मनेवार्वाचोक सडक त्रिवेणी निर्माण सेवा | ७१७ | ८५०७२ |
| १०९।८०।२।२ | हसनपुर वगैसडक ए पि एस निर्माण सेवा | ५४८ | २४६६०० |
| १७३।८०।२।४ | वडा नं ६ सडक कालोपत्रे ए पि एस निर्माण सेवा | ६६५ | २६६००० |
| ३५८।३।२४ | जखरेताल सडक गगन निर्माण सेवा | ४७८ | ६७५१७ |
| ९१७।८०।३।५ | गोरक्षटोल दुरसंञ्चार सडक ए पि एस निर्माण सेवा | २३७ | ३२१३७ |
| १३३।८०।२।४ | सानोनदी आनन्द चौधरी घर राज निर्माण सेवा | ५९२ | ८७०५२ |
| १०२।८०।२।२ | स्वर्गद्धारी टोल आनन्दटोल सडक रेहन निर्माण सेवा | ३७९ | ४६९८५ |
| १५५।८०।२।९ | चौलाडी वयलडाँडा सडक भीमादेवी निर्माण सेवा | ६०० | ९४९२० |
| ४२।७९।१०।१९ | कान्तिपुर मार्ग जन निर्माण सेवा | ६०० | ८७७८० |
| १३६।८०।२।४ | केरुनिया गल्ली पुर्व मरुवा सडक राज निर्माण सेवा | ६३५ | ९२९५९ |
| ११९।८०।२।२ | वड्का मरुवा छुट्की मरुवा सडक ए पि एस निर्माण सेवा | २८९ | १३०९९० |
| ३८४।३।१७ | गोझेना धनपुररुवा टोलिया तरुनिया अमृत नि से | १२८२ | १४३८०४ |
| १०१।८०।२।२ | थारु कल्याणकारी भवन जनता मा वि सडक भीमा निर्माण सेवा | ५४० | ७२९०० |
| ५९।७९।१२।५ | अनर्वाडाडा वलेडाडा सडक भीमा निर्माण सेवा | ९६० | १२६८४६ |

| | | | |
|---|---|---|---|
| १८४।२।१६ | सुनखोला सडक कालोपत्रे जन निर्माण सेवा | ५७० | १०२६७२ |
| ८०।२।२३ | रिहारसडक कालोपत्रे उज्जवल निर्माण सेवा | ३०४३ | ४८४३४५ |
| | जम्मा | | २१६८५७९।० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २१६८५७९ |

२९ **नियम विपरित खरिद** - सार्वजानिक खरिद नियमावली२०६४ को नियम ३१ मा सार्वजानिक निकायले बीस लाख रुपैयाभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य मालसामान वा जुनसुकै सेवा खरिद गर्नुपर्दा खुला बोलपत्रको माध्यमद्वारा खरिद गर्नु पर्ने व्यवस्था छ। नगरपालिकाले ग्रिन सर्जिकल नेपालगन्जबाट रु.२२ लाख ८८ हजार २५० लागत अनुमान भएको स्यानिटरी प्याड खरिद गर्दा एकमुष्ठ कोटेसन द्वारा खरिद गरेको छ। खरिद नियमको व्यवस्था पालना नहुँदा प्रतिस्पर्धा हुन नसकी बढी लागत परेको छ। अतः खरिद कार्य गर्दा प्रतिस्पर्धात्मक खरिद कार्य गर्नुपर्दछ। यसरी नियम विपरित वढी लागत पर्ने गरी खरिद कार्य भएको रु.

| | |
|---|---|
| अनियमित भएको | २२८८२५० |

३० **लमही भ्युटावर** - ठेक्का नंम्वर २५।७८।७९ सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ तथा खरिद सम्झौताको विषेश सर्त ५५.१ वमोजिम खरिद सम्झौतामा तोकेको समयमा कार्य सम्पन्न हुन नसकेमा पुर्वनिर्धारित क्षतिपुर्ति तिर्नुपर्ने व्यवस्था छ। सडक निर्माणका लागि लागत अनुमान रु.१ करोड ४१ हजार स्वीकृत गरी बोलपत्र भएकोमा रु रु.८८ लाख ९० हजार कबोल गर्ने काजी निर्माण सेवासंग २०७९।९।३० भित्र कार्य सम्पन्न गर्नेगरी खरिद सम्झौता भएकोमा सम्झौता वमोजिमको समयमा कार्यसम्पन्न हुन नसकि २०८०।०३।३० सम्म म्याद थप भएकोमा कार्य सम्पन्न भएको छैन। कार्यतालिका वमोजिम काम नभएकोमा सम्झौता वमोजिमको अवधिमा कार्य सम्पन्न गर्ने अन्यथा सम्झौता वमोजिम कार्यवाही गर्ने भनी पटक पटक पत्राचार गरेकोमा लेखापरीक्षणको अवधि २०८०।९।६ सम्म पनि कार्य सम्पन्न भएको देखिएन ।सम्झौता वमोजिम निर्माण कार्य सम्पन्न नभएको पटक पटक पत्राचार गर्दा काम सम्पन्न नभएकोले खरिद सम्झौताको विशेष शर्त तथा सार्वजनिक खरिद नियमावली वमोजिम अधिकतम दश प्रतिशतले हुने रु.८ लाख ८९ हजार पुर्वनिर्धारीत क्षतिपुर्ति असुल हुनुपर्ने देखिन्छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले पर्यप्त संम्भाव्यता अध्ययन नगरी पालिकाको पुँजि निर्माणमा खासै योगदान पुर्याउन नसक्ने भ्युटावर निर्माण निर्माणकार्य गरेकोले खर्च रकमको उपलब्धिको सुनिश्चतता छैन । यस्ता खर्च नियन्त्रण गरी पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा मात्र खर्च गर्नुपर्ने देखिन्छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

३१ **कार्य सम्पन्न** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११९(२)क वमोजिम निर्माण कार्यको हकमा कम्तिमा नब्बे प्रतिशत भौतिक प्रगति भएको र आयोजनको उद्देश्य अनुरुप उपयोगमा आएको अवस्थामा कार्य स्वीकार प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था रहेको छ। नगरपालिकाले सो भन्दा कम प्रगति भएको अवस्थामा कार्य स्वीकार प्रतिवेदन तयार गरी भुक्तानी दिएको छ। लागत अनुमानको तुलनामा ३८ प्रतिशत सम्म न्युनमा खरिद सम्झौता भएकोमा कम घटेका आईटमहरुमा काम गर्ने तथा वढी घटेका आईटमहरुमा कम काम गरेका कारण न्युन काम भएको अवस्थामा पनि कार्य सम्पन्न दिएको देखियो। अतः नियमावली विपरित कार्य स्वीकार गरेको अनियमित देखिएको रु.

| क्रम संख्या | कामको विवरण | निर्माण व्यवसायी | सम्झौता रकम | कार्य सम्पन्न | कार्य प्रतिशत |
|---|---|---|---|---|---|
| १ | सर्पदंश भवन निर्माण | लोकमणी वील्डर्स | ८०७७१५२।० | ७०९६७७३।० | ८७ |
| २ | चौलाडी वयलडाडा सडक | भीमा देवी निर्माण सेवा | ३६४९७८१।० | ३१४७४४०।० | ८६ |
| | जम्मा | | | १०२४४२१३ | |

| अनियमित भएको | १०२४४२१३ |
|---|---|

३२ **कण्टिन्जेन्सी खर्च** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० को अनुसूची १ बमोजिम लागत अनुमान तयार गर्दा लागत अनुमान रकमको वर्क चार्ज २ प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशत गरी ४ प्रतिशत कण्टिजेन्सी खर्चको व्यवस्था गरेको छ। कार्यालयले निर्माण कार्यको लागत अनुमान तयार गर्दा कार्यालयबाट भुक्तानी गरिने रकमको ४ प्रतिशत रकम कण्टिजेन्सीको व्यवस्था गरेको छ। कन्टिन्जेन्सी खर्च जुन योजनाको लागि व्यवस्था गरिएको हो सोही योजनामा खर्च गर्नुपर्दछ। यो वर्ष कन्टिन्जेन्सी यस्तो खर्च गरे पनि कार्यालयले योजनागत अभिलेख नराखेकोले वर्कचार्ज र अन्य खर्चमा भएको कन्टिन्जेन्सी खर्च यकिन गर्न सकिएन। वर्क चार्ज र अन्य खर्च खुल्ने गरी योजनागत कन्टिन्जेन्सी खर्चको अभिलेख नराखेकोले उक्त खर्च तोकिएको सिमा र सम्बन्धित कार्यमा खर्च गरे नगरेको यकिन गर्न सकिएन। योजनागत रुपमा कन्टिन्जेन्सी खर्चको अभिलेख राखी खर्चलाई पारदर्शी बनाउनुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

३३ **दरभाउपत्र नगरेको** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ बमोजिम रु. १० लाख सम्म लागत अनुमान भएको निर्माण कार्य सोझै खरिद गर्न सकिने तथा नियम ८४ वमोजिम रु.२० लाख सम्मको काम सिलवन्दि दरभाउपत्र द्धारा गर्न सकिनेमा निम्नानुसार रु.१० लाख भन्दा वढीको निर्माण कार्य सोझै खरिद गरेको देखियो ।खरिद नियमावलीले तोकेको सिमा भन्दा वढीको सोझै खरिद गरेको अनियमित देखिएको रु.

| भौ नं.मिति | कामको विवरण | लागत अनुमान | निर्माण व्यवसायी | भुक्तानी |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| २०२।८०।२।१७ | वडा कार्यालयको गेट | १०००९४५।० | भद्राक्ष कन्ट्रक्सन | ९८९४७८।० |
| २११।८०।२।१९ | उदयपुर वाल | १००११८०।० | शर्मा कन्ट्रक्सन | ९५७४९८।० |
| २१९।८०।२।२१ | टुकलाल डेरीको घर पश्चिम | १०००४४१।० | विनायक निर्माण सेवा | ९८७५१९।० |
| २८८।८०।३।०१ | वडा नं ९ को कार्यालय भवन | १००२०६३।० | गगन निर्माण सेवा | ९७४००७।० |
| ३९२।८०।३।१८ | सतवरिया स्वा चौकी क.वाल | १००२३९२।० | के.वि.कन्ट्रक्सन | ९४६६१०।० |
| ४७१।८०।३।२४ | १ कोठे स्वास्थ्य चौकी भवन | १०००६८४।० | खनाल कन्ट्रक्सन | ९७६०८०।० |
| ४७३।८०।३।२४ | न पा परिसर निर्माण | १००२४५२।० | शुभ निर्माणसेवा | ९६७३७०।० |
| | | | जम्मा | ६७९८५६२।० |

| | |
|---|---|
| अनियमित भएको | ६७९८५६२ |

३४ **सोझै खरिद** - सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सीमित नहुने गरी खरिद गर्नुपर्ने र नियमावली २०६४ को नियम ८४ मा रू. १० लाख देखि रू.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा बढीको खरिद कार्य बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ। यो वर्ष पालिकाले एकै प्रकृतिको निम्नानुसारका निर्माण कार्यको लागि प्रतिस्पर्धा नगराई विभिन्न निर्माण व्यवसायीबाट सोझै खरिद गरी रु.१ करोड ९७ लाख ८३ हजार खर्च गरेको छ। सार्वजनिक ऐन नियमावली अनुसार प्रतिस्पर्धा एवं पारदर्शिता हुनेगरी खरिद गर्नुपर्दछ।

| भौ. नं. | कामको विवरण | निर्माण व्यवसायी | खरिद रकम |
|---|---|---|---|
| १०७।८०।२।२ | गोझेनामा आर सी सी सडक | स्वर्णपुरि कन्ट्रक्सन | ९८२२०२।० |
| ११७।८०।२।२ | धनपुरुवा सडक | अमृत निर्माण सेवा | ९९९६४८।० |
| १९१।८०।२।१७ | मिलनचोक कालिरामको घर सडक | जि पि एम निर्माण सेवा | ९४६७८५।० |
| १९८।८०।२।१७ | कान्तिपुर सडक | जननिर्माण सेवा | ९८०४६९।० |
| २०९।८०।२।१९ | सुनडवरी सितलपुर सडक | पाईला कन्ट्रक्सन | ९६५१३३।० |
| २१५।८०।२।१९ | सोनपुर पश्चिम गल्ली | रिखदेव कन्ट्रक्सन | ९५७६३४।० |
| २२१।८०।२।२१ | सानोनदि सडक कालोपत्रे | राज निर्माण सेवा | ९५३८६६।० |
| २२३।८०।२।२१ | आदर्शटोल सडक | भिजन निर्माण सेवा | ९६३६३८।० |
| २३१।८०।२।२२ | केरुनिया गल्ली सडक | एल वि निर्माण सेवा | ९८२०७५।० |
| २३४।८०।२।२२ | भयरथान टोल पक्की नाला | चन्द्र निर्माण सेवा | ९९९४३८।० |

| | | | |
|---|---|---|---|
| ३३६।८०।२।२२ | सभाहल मर्मत | वागेश्वरी सप्लायर्स | ८४०७१९।० |
| २४८।८०।२।२३ | ६ नंम्वर वडा कार्यालय जानेवाटो निर्माण | ए पि एस निर्माण सेवा | ९७४००७।० |
| २५३।८०।२।१४ | अनर्वा ईट्टाभट्टा जानेवाटो | भवानी निर्माण सेवा | ९५७८४२।० |
| २९४।८०।३।५ | आदर्शटोल सडक कालोपत्रे | स्वर्गद्धारी निर्माण सेवा | ५७८८२७।० |
| २९९।८०।३।५ | वडा प्रहरी कार्यालय मर्मत | स्वर्गद्धारी निर्माण सेवा | १४२६७२।० |
| ३०१।८०।३।५ | वाघवघैया पुल नजिक ग्याविन | पुना निर्माण सेवा | ९६२४६३।० |
| ३०३।८०।३।५ | वालतारा आ वि जानेवाटो | जया कन्ट्रक्सन | ९६४०८४।० |
| ३०६।८०।३।५ | वाघवघैया पक्की पुल | गुसेश्वर नि सेवा | ९६१२१०।० |
| ३३४।८०।३।१२ | वडा नंम्वर ३ फल्कापुर उदयपुर | ईन्सीका कन्ट्रक्सन | ९६८६०४।० |
| ३४१।८०।३।३ | आदर्श टोलमा सडक निर्माण | गौतम निर्माण सेवा | ९५६७०२।० |
| ३४८।८०।३।१४ | गोझेना सडक निर्माण | एम के वील्डर्स | ९७२३६०।० |
| ३६४।८०।३।१६ | अनर्वा गाउँमा सडक निर्माण | चाणक्य कन्ल्टेन्ट कन्ट्रक्सन | ७७३३०७।० |
| | | जम्मा | १९७८३६८५।० |

सैद्धान्तिक बेरुजु

३५ **उपयोग नभएको -** सार्वजनीक खरिद ऐन २०६३ को दफा ५ वमोजिम कुनै पनि खरिद कार्यको लागि लागत अनुमान तयार गर्नुपर्ने तथा कार्य सम्पन्न पछि सोको नापी तथा कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु पर्दछ। यस वर्ष नगरपालिकाले निम्नानुसार निर्माण सामाग्री खरिद गरेकोमा लागत अनुमान तयार नगरेको तथा सोको नापी तथा कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाईएन। अतः उक्त रु.५७ लाख ७८ हजार ७७० को खरिद भएका निर्माण सामाग्रीको नापी तथा कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु.

| भौ.नं.मिति | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|
| १००८।८०।३।१५ | वडा नं १ ह्युम पाईप खरिद | २१८३१६ |
| ४३९।७९।११।४ | वडा नंम्वर ४ को ह्युमपाईप तथा विद्युत पोल | ८७२९३५ |
| २५८।८०।२।४ | ट्रान्सफरमर खरिद | ५९६५२७ |
| ३७३।८०।३।१ | लमही अस्पतालमा मर्करी च्याम्वर | ७९६६५० |
| ३२२।८०।३।१० | वडा नम्वर ७ ट्रान्सफरमर खरिद | ५९६५२७ |
| ३३२।८०।३।११ | वडा नंवर ९ को ट्रान्सफरमर खरिद | ५९६५२७ |

| | | |
|---|---|---|
| ३३१।८०।३।११ | २ थान ह्युमपाईप | ४३२०८ |
| ३६१।८०।३।१६ | ट्रान्सफरमर खरिद | ५९६५२७ |
| ४६७।८०।३।२४ | तार तथा पोल खरिद | ८६५०२६ |
| ३६।८०।३।१६ | ट्रान्सफरमर खरिद | ५९६५२७ |
| | जम्मा | ५७७८७७०।० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५७७८७७० |

३६ **कर समायोजन** - ६।२०८०।३।१ मुल्य अभिबृद्धी कर नियमावली २०५३ को नियम ६(ग) बमोजिम ठेक्का संझौता वा करार अन्तर्गत आपूर्ति हुने वस्तु तथा सेवा वापतको रकम भुक्तानी गर्दा मू.अ.कर रकमको ३० प्रतिशतले हुन आउने रकम निजको नामबाट दाखिला गर्ने गरी कट्टा गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ। कार्यालयले मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम बाट श्री जनज्योति आधारभूत विद्यालय लमही ४ लाई आईसिटि व्यवस्थापन वापत आवस्यक खर्च बापत द पुजा ईन्टरप्राईजेज लाई रु.१ लाख ९९ हजार भुक्तानी हुदा नियमअनुसार कट्टि भएको मुल्य अभिवृद्धि कर ३० प्रतिशत दाखिला भएको देखिएन अतः नियमानुसार कर दाखिला प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६८६८ |

३७ **विल भरपाई पेश नभएको** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकमा खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल भर्पाई प्रमाण र कागजात संलग्न हुनु पर्दछ। देहायको खर्च गर्दा प्रमाण कागजात पेश नभएकोले उक्त प्रमाण पेश गर्नुपर्ने रु.

| भौचर र मिति | कार्यक्रम वा विवरण | रकम रु | कैफियत |
|---|---|---|---|
| १४५।२०८०।२।३ | आम औषधि सेवन अभियानमा खरिद भएको ५५ थान व्याग | ५४६९२ | प्रमाणीत वितरण भर्पाई पेश गर्नु पर्ने । |
| १६१।२०८०।२।१६ | न्यानो झोला खरिद ७५० थान | ६७४६१० | स्वास्थ्य चौकि तथा अस्पातलमा हस्तान्तरण भएको प्रमाण र वितरण भएको भर्पाई पेश गर्नुपर्ने। |
| २९१।२०८०।३।२४ | अस्पतालमा कार्यरत कर्मचारीलाई रात्रिकालिन कार्य गरेवापत भुक्तानी | ३४४१२५ | तारा वहादुर थापामगरलाई भुक्तानी भएकोले कर्मचारीलाई वुझाएको प्रमाणीत भरपाई र पुष्टाई हुने प्रमाण पेश गर्नु पर्ने । |

| | | | |
|---|---|---|---|
| २९२।२०८०।३।२४ | अस्पतालमा कर्मचारीलाई रात्रिकालिन कार्य गरेवापत भुक्तानी | २०४२७२ | तारा वहादुर थापामगरलाई भुक्तानी<br>भएकोले भरपाई र पुष्टाई हुने प्रमाण पेश गर्नु पर्ने । |
| २९३।२०८०।३।२४ | अस्पतालमा प्रयोगशालामा कार्यरत कर्मचारीलाई रात्रिकालिन<br>कार्य गरेवापत भुक्तानी | २०४४२६ | हिमाल आचार्यलाई भुक्तानी भएकोले कर्मचारीलाई वुझाएको प्रमाणीत भरपाई र पुष्टाई हुने प्रमाण पेश गर्नु पर्ने । |
| चालु १०१८।३।१७ | नगरक्षेत्रमा डस्विन वितरण १२० | २९९९९७ | वितरण भरपाई |
| ९८९।२०८०।३१२ | दृष्टि विहिनलाई चाहिने समाग्री खरिद | ९९५०० | वितरण भरपाई |
| | जम्मा | १८८१६२२। | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १८८१६२२ |

३८ **विल भरपाई पेश नभएको -** १६६।२०८०।३।१७ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकमा खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल भर्पाई प्रमाण र कागजात संलग्न हुनु पर्दछ। नगरपालिकाले संघीय सशर्तवाट चौलाही सोनपुर र उचानिम्वु सामुदायिक सिकाई केन्दलाई डल र कुसन वनाउने तालिमवापत जनही रु.२ लाखको दरले रु ६ लाख खर्च लेखेकोमा सो खर्चलाई पुष्टाई गर्ने विल भरपाई लेखापरीक्षणको अवधिसम्म पेश नभएकोले सो रकम असुल गरी संघीय सञ्चितकोष दाखिला हुनुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६००००० |

३९ **वढि भुक्तानी** - ८।२०८०।३।३ कार्यालयले मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम बाट मा.वि. र नि.मा.वि. तहका शिक्षकहरुलाई लागी सुचना प्रविधि सम्वन्धि ५ दिने तालिम कार्यलयलको परिसरमा सञ्चालन गर्दा ५ दिनमा ९ जनालाई ४० सेसन कक्षा सञ्चालन बापत रु.८० हजार भुक्तानी भएको छ। ५ दिनमा वढिमा ४ सेशनको रु.४० हजार भुक्तानी गर्नु पर्नेमा वढि भुक्तानी भएको छ। वढि भुक्तानी भएको करकट्टि बाहेक रु.३४ हजार असुल हुनुपर्ने।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३४००० |

४० **वढि भुक्तानी** - कार्यलयले संघीय सशर्त वाट देहायको कार्यक्रम आफ्नो कार्यालय परिसरमा सञ्चालन गर्दा नियमअनुसार सहभागी भत्ता रु.७००।० मा कर कट्टि गरि भुक्तानी गर्नुपर्नेमा देहायको कर्मचारीलाई रु.१६००।० को दरले भुक्तानी भएको वढि भुक्तानी भएको कर कट्टि बाहेकको रकम असुल गर्नु पर्ने रु.

| भौचर र मिति | कार्यक्रम | कर्मचारी | वढि भुक्तानी |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १६।२०७९।६।१२ | पोषण कार्यक्रम | नारायण प्रसाद शर्मा | १५५० |
| | | मिना भुषाल | १५५० |
| १७।२०७९।६।१२ | समिक्षा गोष्ठि | नारायण प्रसाद शर्मा | १५१५ |
| | | मिना भुषाल | १५१५ |
| १८।२०७९।६।२२ | पोषण कार्यक्रम | नारायण प्रसाद शर्मा | १३६० |
| | | मिना भुषाल | १३६० |
| | | | ८८५०।० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८८५० |

४१ **तोकिएको प्रयोजनमा खर्च भएको प्रमाण -** ३।२०८०।२।९ कार्यालयले मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम बाट त्रिशक्ति बाल विकास केन्द्र वडा ७ लाई भाषा शिक्षक अनुदानबापत रु २ लाख ३४ हजार भुक्तानी भएकोमा सोको पुष्टाई हुने प्रमाण पेश नभएको हुदा तोकिएको प्रयोजनमा खर्च भएको प्रमाण पेश हुनु पर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २३४००० |

४२ **मूल्यअभिवृद्धि कर विजक** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ वमोजिम उपभोक्ता समिति मार्फत गर्ने कामको लागत अनुमान तयार गर्दा निर्माण सामग्री खरिदको मूल्यअभिवृद्धि कर समेत समावेश गरी लागत अनुमान तयार गरेकोमा देहायका उपभोक्ता समितिले भुक्तानी लगेको मूल्य अभिवृद्धि कर वरावरको मूल्यअभिवृद्धि कर बिजक पेस नगरेकोले मूल्यअभिवृद्धि कर बापत भुक्तानी भएको निम्नानुसारको रु.२ लाख ६१ हजार ९३३ असुल गर्नुपर्ने रु.

| भौ.नं.मिति | कामको विवरण | भुक्तानी भएको मू.अ.कर | विल पेश भएको | वढी मू.अ.कर |
|---|---|---|---|---|
| ३।८०।३।०३ | सुनवरी पुरानोसडक | २३४३०।० | १३६९८।० | ९७३१।० |
| १३।८०।३।२२ | स्वास्थ्य केन्द्र भवन निर्माण | ३३४८८।० | २७६०१।० | ५८८६।० |
| १३१।८०।३।२४ | ज्ञानज्योति मा वि | ६८२५०।० | ३९४३१।० | २८८१८।० |
| २८।८०।२।२१ | फचकपुर टोल नाली निर्माण | २३५६९।० | १४६४६।० | ८९२२।० |
| २९।८०।२।२२ | वडा कार्यालय जाने वाटो निर्माण | ४३६८०।० | २९७७६।० | १३९०३। |
| ४४।८०।२।३१ | वनकट्टी गल्ली अधुरो नाली निर्माण | २४१८४।० | १५७९५।० | ८३८९।० |
| ५५५।१२।१९ | सुनखानी शान्तिनगर पुल निर्माण | ४९३५०।० | ३५३९२।० | १३९५७।० |

| | | | | |
|---|---|---|---|---|
| २९।८०।२।२२ | वडा नंम्वर ७ कार्यालय भवन जाने वाटो निर्माण | २८६६५।० | १६९९४।० | ११६७०।० |
| ८१।७९।१२।२१ | अनर्वा शिव मन्दीरटोल सडक | ७२२५४।० | ४१४३७।० | ३०८१६।० |
| १४९।८०।२।८ | भैसकोर्मा सिम्टहवा सडक | २७११८।० | १५३२५।० | ११७९२।० |
| १६६।८०।२।१२ | सडक निर्माण | २६२२४।० | १६६५८।० | ९५६५।० |
| १७२।८०।२।१४ | वडा नं ९ पर्खाल निर्माण | ४८८६७।० | ३४९०५।० | १३९६५।० |
| २२५।८०।२।२१ | हाकिमचोक खानेपानी टंकी | ५७७८५।० | ३६७४४।० | २१०४०।० |
| २७१।८०।२।१५ | उच्चनीवु टोल संस्था | ३६२४५।० | २३९७५।० | १२२७४।० |
| ३१४।८०।३।१४ | टौलाहाटोल विकास संस्था | २४९३४।० | १४७८२।० | १०१५१।० |
| ४६६।८०।३।१४ | नयाँवस्ती सडक वडा नं ७ | ४४०४४।० | ३१४४७।० | १९५९७।० |
| २००।८०।२।१७ | चौलाही दामोदर सडक | ७२०७२।० | ४०६१५।० | ३१४५७।० |
| | | | | २६१९३३।० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २६१९३३ |

४३ **शिक्षा तर्फ**

४३.१ **समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट नगर स्वय शिक्षकहरुको लागि रु.४५ लाख ५५ हजार तलब भत्ता भुक्तानी गरेको पाईयो।शशर्त अनुदान वाट तलव भत्ताको व्यवस्था भएकोमा समानीकण शिर्षकवाट खर्च लेखेको अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ४५५५००० |

४३.२ **छात्रवृति निकासा -** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८/७९ को क्रियाकलाप नं ७.२.१.१ अनुसार सार्वजनिक विद्याललयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रवृतीको व्यवस्था छ। पालिका अन्तर्गत संचालित

विद्यालयहरु छात्रवृती वितरणको परीक्षण गर्दा देहायका विद्यालयलाई वितरण भन्दा बढी निकासा भएकोले बढी निकासा रकम देहायका विद्यालयहरुबाट असुल गर्नुपर्ने रु.

| क.सं. | विद्यालयको नाम | छात्रवृति निकासा रकम | वढी निकाशा |
|---|---|---|---|
| १ | श्री मावि अमिलिया | २७६०० | ३६०० |
| २ | श्री आदर्श मावि देउपुर | १७०४०० | १७६०० |
| ३ | श्री खिमवहादुर शाह मावि कोलाही | ८०००० | २८०० |
| ४ | श्री सिद्धार्थ बालजनता मावि बनगाँउ | २२००० | ४०० |
| ५ | श्री सूर्यविनायक मावि नर्ती | ४६८०० | ४०० |
| ६ | श्री बालतरा आवि उत्तरमजगाँउ | ५९२०० | १६०० |
| ७ | श्री प्रावि हदर्वा | ५६०० | ४०० |
| ८ | श्री प्रावि भ्यूसनपुर | २५२०० | २४०० |
| ९ | श्री प्रावि सितलापुर | ११२०० | १२०० |
| | जम्मा | | ३०४००।० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३०४०० |

४३.३ **दिवा खाजा -** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८/७९ को क्रियाकलाप नं. २.७.११.१ को बुँदा नं. ७.१ मा दिवा खाजा अनुदान। रकम निकासा विद्यालयको सक्कल विद्यार्थी दैनिक हाजिरी पुस्तिकाको प्रतिलिपि विद्यालयका प्र.अ. र वि.व्य.स.बाट प्रमाणित गराई स्थानीय तहमा संकलन गरी वास्तविक संख्या यकिन भए पश्चात मात्र रकम निकासा गर्नुपर्ने व्यवस्था छ। भरपाईको परीक्षण गर्दा देहायको स्कुललाई बढि निकासा भएकोले असुल गर्नुपर्ने रु.

| विद्यालयको नाम | जम्मा हाजिरि | निकासा | वढि निकासा |
|---|---|---|---|
| बाल जनता मावि वनगाँउ | ८७६३ | ९६८५०५ | २१६० |
| प्रावि असानी | ८२४४ | १४९९२५ | २६२६५ |
| | | जम्मा | २८४२५ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २८४२५ |

४४ **लमही अस्पताल संञ्चालन -** नगरपालिकाले आफ्नो स्वामित्वमा रहने गरी लमही अस्पताल स्थापना गरी संञ्चालन गरेको छ। उक्त अस्पताल तर्फको प्राप्त विवरण अनुसारको आय व्यय निम्नानुसार रहेको छ। उक्त आर्थिक कारोवारलाई नगरपालिकाले आफ्नो वित्तिय विवरण समावेस नगरेकोले सोको लेखापरीक्षण हुन सकेन ।अतः उक्त कारोवारलाई नगरपालिका अन्तरगत वित्तिय विवरणमा समावेस गरी लेखापरीक्षण गराउनु पर्ने देखिन्छ ।

| आय | | व्यय | |
|---|---|---|---|
| विवरण | रकम | विवरण | रकम |
| गत वर्षको जिम्मेवारी | २५०४६८२।० | कर्मचारी तलव भत्ता | २१७२०७४।० |
| अस्पतालको आय | १०००८२३५।० | औषधि खरिद | ४७१७८।० |
| | | अन्य संञ्चालन खर्च | १४९१७४०।० |
| | | बैक मौज्दात | ७९०४०८६।० |
| | | वैकमा कम मौज्दात | ८९८५३९।० |
| जम्मा | १२५१२९१७।० | जम्मा | १२५१२९१७।० |

सैद्धान्तिक बेरुजु

४५ **समपुरक अनुदान** - समपुरक अनुदानवाट काम गर्दा संघीय वजेट तथा स्थानीय तहको वजेट पचास पचास प्रतिशत खर्च हुनु पर्दछ ।रिहार सडक कालोपत्रे कार्यका लागि लागत अनुमान रु. ४ करोड ४ लाख ६० हजार स्वीकृत गरी वोलपत्रहुँदा रु.२ करोड ७८ लाख १९ हजार कवोल गर्ने उज्जवल निर्माण सेवासंग २०८०।८।१४ भित्र कार्य सम्पन्न गर्ने गरी २०७९।१०।१५ मा खरिद सम्झौता भएकोमा उक्त निर्माण कार्य २०८०।३।२४ मा कार्य सम्पन्न भई रु.२ करोट८ ८२ लाख ७० हजार भुक्तानी भएकोमा संघीय समपुरक अनुदान वाट रु.१ करोड ४१ लाख ३५ हजार खर्च लेख्नुपर्नेमा रु.१ करोड ५३ लाख ४ हजार खर्च लेखेकोले रु.११ लाख ६९ हजार ३२० वढी खर्च लेखेको संघीय संञ्चितकोष दाखिला हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ११६९३२० |

४६ **पारिश्रमिक खर्च परीक्षण**

४६.१ **स्तरवृद्धि -** लुम्बिनी प्रदेश लोकसेवा आयोग (आधार र मापदड निर्धारण) ऐन २०७५ को दफा १० को व्यवस्था प्रतिकुल हुने गरी लमही नगरपालिकाले ६ जना कर्मचारीहरुलाई स्तरवृद्धि गरी रु.१६४२३७।० खर्च लेखेको छ। संवंधानीक व्यवस्था वमोजिम स्थानीय सेवा ऐन नवनेको र प्रदेश लोकसेवा वाट परामर्श

समेत नलिएकोले उक्त स्तरवृद्धि कानुन सम्मत देखिएन। साथै यसरी नियम विपरित स्तरवृद्धि गरी भुक्तानी दिएको असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १६४२३७ |

४६.२ **दोहोरो खर्च** - ४०।८०।२।३०कार्यालयमा नियमित हाजिरी भई तलव भत्ता लिने कर्मचारीले अन्य काम गरी ज्याला भुक्तानी लिन मिल्दैन।ढिकपुर लंगडी जाने वाटो स्तरोन्नतीको कार्य कार्यालयका नियमित तलव भत्ता भुक्तानी हुने कर्मचारी शंकर चौधरीले २०८०।१।१० देखि ५१ दिनको ज्यालार रु.३०७००।० भुक्तानी लिएको देखिएकोले उक्त रकम असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३०७०० |

४७ **स्थानीय तहका पदाधिकारी सुविधा** - नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार लुम्बीनी प्रदेशले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्वन्धी कानूनमा संशोधन र एकीकरण गर्न वनेको ऐन२०७६ जारी गरेकोछ। उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु.१ करोड ६ लाख ६ हजार सुविधा वापत भुक्तानी भएको छ ।

| सि.नं | विवरण | प्रमुख | उपप्रमुख | वडाअध्यक्ष ९ जना | कार्यपालिका सदस्य ८ जना | सभाका सदस्य ३१ जना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | यातायात खर्च | ० | ० | १२९६०० ० | ६७२००० | १३०२००० | ३२७०००० |
| २ | टेलिफोन मोबाइल | ४८००० | ४८००० | ३२४००० | २८८००० | ९३०००० | १६३८००० |
| ३ | पुस्तक पत्रीका ईन्टरनेट | ६०००० | ६०००० | ४३२००० | २८८००० | ७४४००० | १५८४००० |
| ४ | समन्वय तथा सहजीकरण | १५६००० | ९६००० | ७५६००० | ४८०००० | १११६००० | २६०४००० |
| ५ | अतिथि सत्कार | ८४००० | ७२००० | ६४८००० | ० | ० | ८०४००० |
| ६ | खानेपानी/बिजुली/सरसफाई | ६०००० | ६०००० | ० | ० | ० | १२०००० |
| ७ | चाडपर्व खर्च | १५००० | १५००० | १०८००० | ८०००० | २४८००० | ४६६००० |
| ८ | अन्य भए उल्लेख गर्ने (मर्मत सम्भार र विधुत/उर्जा खर्च ) | ६०००० | ६०००० | ० | ० | ० | १२०००० |

| | जम्मा | ४८३००० | ४११००० | ३५६४००० | १८०८००० | ४३४०००० | १०६०६००० |
|---|---|---|---|---|---|---|---|

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

४८ **कर कट्टी दाखिला** - आयकर ऐन २०५८ को दफा ९०(२) मा कर कट्टी गरेको कर सम्बन्धित खातामा दाखिला गर्ने व्यवस्था छ। तर पालिकामा पदाधिकारी बैठक वापत भुक्तानी भएको रु ७२००० मा १५ प्रतिशतले पारिश्रमिक कर कट्टी गर्दा आउने रु १०८०० राजस्व खातामा नभई आनन्द राम कवंर योगीको खातामा दाखिला भएकोले सो कट्टी गरेको रकम सम्बन्धित शीर्षकमा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०८०० |

४९ **फोटोकपि भ्याटविल** - ११६५।२०८०।३।२९ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकमा खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल भर्पाई प्रमाण र कागजात संलग्न हुनु पर्दछ। नगरपालिकाले कृष्ण मोटर पार्टसलाई मर्मत वापत २०७९।१०।२४ को फोटोकपि भ्याट विल राखि भुक्तानी भएकोले सो को सक्कल भ्याट विल पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७०५७९ |

५० **खर्चको नियमितता**

५०.१ **अन्य कार्यालयको खर्च** - संघीय सरकारको कार्यक्षेत्रभित्र पर्ने कार्यालयहरुमा स्थानीय सरकारवाट योजना सञ्चालन गर्दा दोहोरो खर्च हुनसक्ने तथा कार्यक्षेत्र भन्दा वाहिर खर्च भएको देखिन्छ। नगरपालिकाले निम्नानुसारका कार्यालय तथा निकायकालागि कार्यक्षेत्र भन्दा वाहिर गरेको खर्च अनियमित देखिएको रु.

| क्रम संख्या | भौ.नं.मिति | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| १ | १३२।२०७९।२।४ | ईलाका प्रशासन कार्यालय शौचालय निर्माण | ५४०६९०।० |
| २ | ८३।२०७९।१२।१९ | वडा प्रहरी कार्यालय भवन निर्माण | ३४३६६१।० |
| ३ | ३३९।२०८०।३।१३ | देउखुरी वहुमुखि क्याम्पस पर्निचर निर्माण | ८४९१९५।० |
| | | जम्मा | १७३३५४६।० |

| | |
|---|---|
| अनियमित भएको | १७३३५४६ |

५०.२ **दाखिला गर्न बाँकी कर** - १९९।२०८०।३।३आयकर ऐन २०५८ को दफा ९०(४) मा अग्रिम आयकर कट्टी गरिएको रकम महिना भुक्तान भएको २५ दिनभित्र दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले संघीय सशर्त शैक्षिक गुणस्तर सुद्रढिकरण कार्यक्रमवाट माध्यमिक विद्यालय सोनपुरलाई विज्ञान प्रयोगशालाको सामान

रु.५ लाख ७५ हजार २२१ भुक्तानी गर्दा अग्रिम कर रु.८ हजार ६२८ दाखिला नभएकोले सो रकम दाखिला हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८६२८ |

५०.३ **जिन्सी दाखिला -** १०५०।२०८०।३।१८आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकमा खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल भर्पाई प्रमाण र कागजात संलग्न हुनु पर्दछ। वडा ३ ले खरिद भएको प्रिन्टर माउस र मल्टिपल्ग खरिद गरेकोमा सोको जिन्सी दाखिला प्रमाण पेश भएन। अतः जिन्सी दाखिला प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २५५५० |

५०.४ **सहयोग भत्ता -** १०८४।२०८०।३।२१ लमही नगरपालीकाको कार्यक्रम खर्च सम्वन्धि मापदण्ड तथा कार्यविधि२०७५ तथा प्रदेश कार्यविधिमा कार्यपालिकाको वैठकमा सहयोग गरेबापत भत्ता दिने व्यवस्था छैन।कार्यपालिका वैठकमा सहयोग गरेवापत १६ जना कर्मचारीलाई रु.६१ हजार भत्ता वितरण गरेको रकम नियम विपरित देखिएको सो रकम असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६१००० |

५०.५ **लगवुक नराखेको -** ९९६।२०८०।३।१३आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकमा खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल भर्पाई प्रमाण र कागजात संलग्न हुनु पर्दछ ।ट्रिपर ईन्धन भनि रु.४ लाख ३५ हजार ८६० खर्च भएकोमा लगवुक संलग्न गरेको छैन । ईन्धन खर्च लेख्दा अनिवार्य रुपमा लगवुक राखि खर्च लेख्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५१ **मूल्य अभिवृद्धि करमा दर्ता -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १९ वमोजिम रु.२० हजार भन्दा वढीको खरिद कार्य गर्दा मूल्य अभिवृद्धि करमा दर्ता भएका व्यात्ति फर्म वा कम्पनीसंग मात्र खरिद कार्य गर्नुपर्ने प्रावधान रहेकोमा निम्नानुसारको खरिद कार्य मूल्य अभिवृद्धि करमा दर्ता भएका व्यात्ति फर्म वा कम्पनीसंग खरिद भएको देखिएन। नियमको प्रावधान वमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका संगमात्र खरिद कार्य गर्नुपर्दछ।

| भौचर नं र मिति | खरिदको विवरण | भुक्तानी रकम |
|---|---|---|

| | | |
|---|---|---|
| १०४५।२०८०।३।१८ | कार्यलय समान खरिद | २२८५००।० |
| १००९।२०८०।३।१८ | कार्यलय समान खरिद | ५०००००।० |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५२ **धरौटी तर्फ -** भौचर नं. ३०-२०८०।२।२१ करदाता कार्यालय तथा सम्बन्धित आन्तरिक राजस्व कार्यालयबाट मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पेश गर्नु पर्नेमा उक्त समायोजन पत्र बेगर रामकृष्ण निर्माण सेवालाई रु.२ लाख ६२ हजार १०६ धरौटी फिर्ता गरेको पाईयो। कर समायोजनको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २६२१०४ |

५३ **विल भरपाई -** ४३०-२०७९।११।१४ अनुदान उपलब्ध गराएकोमा सोको उपयोग भएको अनुगमन प्रतिवेदन तथा खर्चलाई पुष्टि गर्ने प्रमाण पेश हुनुपर्दछ। लमही आँखा अस्पताललाई गत आ.व.को भुक्तानी शीर्षकमा बाँकी रहेको भुक्तानी रकम रु.१२ लाख ८२ हजार अनुदान दिएको छ। अनुगमन प्रतिवेदन सहित विल भरपाई पेश नभएको रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १२८२००० |

५४ **फोटोकपि भ्याटविल -** ११६३।२०८०।३।२९आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकमा खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल भर्पाई प्रमाण र कागजात संलग्न हुनु पर्दछ। नगरपालिकाले सुशिल मोर्टर वर्कशपलाई २०७९।३।३० को फाटोकपि भ्याटविल राखि भुक्तानी भएको सक्कल विल पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १७६०० |

५५ **नियम विपरित सुविधा -** १०९४।२०८०।३।२२ स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्वन्धि कानूनमा संसोधन र एकिकरण गर्न वनेको विधयेक २०७६ मा स्थानीय तहको पदाधिकारीले भ्रमण भत्ता बापत अनुसुचिमा तोकिए वमोजिम सुविधा र यातायात बापतको खर्च दिने व्यवस्था छ।नगरपालिकाले वडा ४ का वडाध्यक्ष सुवास न्यौपानेलाई भ्रमण भत्ता र यातायात खर्चको अतिरिक्त होटलवास खर्च बापत रु १५४९९ रकम भुक्तानी गरिएको देखिएकोले नियम विपरित देखिएको सुविधा असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १५४९९ |

५६ **कार्यविधि विपरित खर्च -** लमही नगरपालिकाको कार्यक्रम खर्च सम्वन्धि मापदण्ड तथा कार्यविधि,२०७५ मा कार्यपत्र कम्तिमा १५ सय शव्दको हुनुपर्दछ र सो कार्यपत्र व्यान्डिङ गरी अनिवार्य पेश गर्नु पर्ने र सो बापत प्रति कार्यपत्र रु ७०० भुक्तनी दिन सकिने व्यवस्था छ।नगर पालिकाले लोकसेवा आयोगको तयारी कक्षा

सञ्चालन गर्दा नियम अनुसार कार्यपत्र पेश नहुदा पनि १२० कार्यपत्रको रु २००० को दरले रु.२ लाख ४० हजार भुक्तानी भएकोले वढि भुक्तानी भएको रु.१ लाख ५६ हजार नियम विपरित देखिएको रु

| | |
|---|---|
| अनियमित भएको | १५६००० |

## ५७ सामाजिक सुरक्षा

५७.१ **दोहोरो भुक्तानी -** सामाजिक सुररक्षा ऐन २०७५ को दफा १३ बमोजिम कुनै नागरिकले एकै प्रकारको सामाजिक सुरक्षा भत्ता पाउने रहेछ भने निजले रोजेको कुनै एक मात्र सामाजिक सुरक्षा भत्ता पाउने व्यवस्था छ। यस नगरपालिकाले बैंक मार्फत कारोबार गर्दा एकै व्यक्तिलाई दोहोरो भुक्तानी दिएको पाइयो। दोहोरो भुक्तानी दिएको असुल गर्नु पर्ने रु.

| नाम | बैंकको नाम | त्रैमासिक | रकम |
|---|---|---|---|
| मिना भुषाल | कामना सेवा बैंक | प्रथम | ८००० |
| डवर रोका | कामना सेवा बैंक | सबै | ४८००० |
| सुष्मा घर्ति | सिदार्थ बैंक | सबै | २९२६० |
| फुलिराम चौधरी | सिदार्थ बैंक | सबै | २५५३६ |
| जम्मा | | | ११०७९६ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ११०७९६ |

५७.२ **सामाजिक सुरक्षा बाँकी रकम फिर्ता -** सामाजिक सुरक्षा वित्तरण कार्यविधि २०७७ को दफा २६ को २ अनुसार स्थानीय तहबाट वित्तरण गर्ने सामाजिक सुरक्षा भत्ता रकम आर्थिक वर्ष भित्र खर्च नभएमा वा लाभग्राहीको खातामा जाम्मा हुन नसकेमा वा नगद मौज्दात भएमा संघीय संञ्चितकोष दाखिला हुनुपर्नेमामा दाखिला भएको नदेखिएकोले संञ्चितकोष दाखिला हुनुपर्ने रु.

| बैंकको नाम | त्रैमासिक | बाँकी |
|---|---|---|
| लक्ष्मी सनराइज बैंक | चौथो | २४००० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २४००० |

५८ **मूल्य अभिवृद्धि कर कट्टी -** मूल्य अभिबृद्धी कर नियमावली २०५३ को नियम ६(ग) बमोजिम सरकारी कार्यालयले ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर रकमको ३० प्रतिशत कट्टी गरी निजको नामबाट

सम्बन्धित राजस्व शीर्षकमा दाखिला गर्नुपर्ने तथा बाँकी ७० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । निम्नानुसारको करारको भुक्तानीमा मू.अ.कर रकमको ३० प्रतिशत कट्टी तथा दाखिला भएको नदेखिएकोले मूल्य अभिवृद्धिकर समायोजनको प्रमाण पेश हुनुपर्ने रु.

| गो. भौ . र मिति | फर्मको नाम | वापत | कर बाहेक रकम | १३ प्रतिशत भ्याट | ३० प्रतिशत भ्याट |
|---|---|---|---|---|---|
| ३१८- २०७९।९।२९ | पशुपति सप्लायर्स | कार्यालय सामाग्री खरिद | १९९७०५ | २५९६२ | ७७८८ |
| ३१५- २०७९।९।२९ | जि. एम . सप्लायर्स | मसलन्द सामाग्री खरिद | १३३८५० | १७४०० | ५२२० |
| ३३०- २०७९।१०।९ | सिप्रदी ट्रेडिङ प्रा. लि . | गाडी मर्मत | २९०७२५ | ३७७९४ | ११३३८ |
| ३३१- २०७९।१०।९ | रासी भेनियर समिल | डेस्क बेन्च खरिद | २३२२२४ | ३०१८९ | ९०५७ |
| ३२४- २०७९।१०।४ | पन्थी निर्माण सेवा | तार पोल खरिद | ३०९६४० | ४०२५३ | १२०७५ |
| जम्मा | | | | | ६७३९१।० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६७३९१ |

५९ **आन्तरीक आय -** नगरपालिका क्षेत्र भित्रका विभिन्न खोला तथा घाटहरुमा रहेको नदिजन्य पदार्थ विक्रिका लागि पहिलोपटक २०८० बैशामा मात्र IEE सम्पन्न गरी १२ खोला तथा घाटहरुको वोलपत्र गरेकोमा ठेक्का व्वस्था हुन नसकेकोले आन्तरिक आयको मुख्य श्रोत घटेको छ ।ढिला गरी नदिजन्य पदार्थ विक्रिकालागि वोलपत्र आब्हान भएको चोरी निकासी नियन्त्रण हुन नसकेको कारणवाट आय ठेक्का व्वस्थापन हुन सकेको देखिदैन। ठेक्का व्यवस्थापन हुन नसकेकोमा वनगैया घाटको कुल परिमाणको २५ प्रतिशत न्यु एन एन कन्ट्रक्सनलाई अमानतवाट कार्य गर्न दिई रु.१३ लाख १० हजार मात्र आम्दानी भई नगरपालिकाले आयको ठूलो हिस्सा गुमाएको छ ।समयमानै IEE सम्पन्न गरी ठेक्का पट्टा व्यवस्थापन तथा स्थानीयस्तरको समस्था तथा चोरी निकारी नियन्त्रण गरी राजश्वको श्रोत वढाउनुपर्ने देखिन्छ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६० **आन्तरिक आयको स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले यस आर्थिकमा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रिय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ९५६८३१ | ३३१७६ | ३.३५ |

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ३.३५ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पर्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

## सैद्धान्तिक बेरुजु

६१ **कर तथा शुल्क असुली** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५५ ५७ ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर घरजग्गा वहाल कर व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| सि.नं. | आम्दानी शीर्षक | अनुमान रु. हजार | आम्दानी रु.हजार | असुली प्रतिशत |
|---|---|---|---|---|
| १ | एकिकृत सम्पत्तिकर | ५००० | २४०२ | ४८ |
| २ | भूमिकर | ५००० | २६५९ | ५३ |
| ३ | वहाल कर | ५००० | ५२८२ | १०५ |
| ४ | मनोरञ्जन कर | ५० | १७ | ३४ |
| ५ | विज्ञापन कर | ६०० | ६४२ | १०७ |
| ६ | अन्य कर | १०००० | १६७३ | १६.७३ |
| ७ | वहाल आय | ६०० | १०९ | १८.१६ |
| ८ | दहत्तर वहत्तर | ८०००० | १६९५ | २.१ |
| ९ | कृषि उत्पादन विक्रिवाट आय | ५०० | ० | ० |
| १० | सरकारी सम्पत्तीको विक्रिवाट आय | १०० | ० | ० |
| ११ | अन्य विक्रि | ४०० | १९ | ४.७५ |
| १२ | अन्य सेवाशुल्क | १५०० | ९९६ | ६६.४ |
| १३ | न्यायिक दस्तुर | ५० | ४ | ८ |
| १४ | शिक्षा क्षेत्रको आय | ७५० | ६९ | ९.२ |
| १५ | परीक्षा शुल्क | ३०० | १५१ | ५०.३३ |
| १६ | अन्य प्रशासनिक शुल्क | १००० | ३९८ | ३९.८ |
| १७ | नक्सा पास दस्तुर | २५०० | ७२७ | २९.८ |
| १८ | घटना तर्ता | ३०० | ६२८ | २०९.३३ |

| | | | | |
|---|---|---|---|---|
| १९ | व्यवसाय कर | ० | ० | ० |
| २० | नाता प्रमाणीत | ३०० | २१६ | ७२ |
| २१ | अन्य दस्तुर | ४००० | २५६० | ६४ |
| २२ | व्यवसाय रजिष्ट्रेसन | ५००० | ३१९१ | ६३.८२ |
| २३ | प्रसासनिक दण्ड जरीवाना | ६०० | ९६८ | १६१.३३ |
| २४ | सिफारीस दस्तुर | १०००० | ८६५७ | ६६.५६ |

पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

६२ **आयको अनुमान** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ। पालिकाले पेश गरेको आय व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत कर सेवा शुल्क दस्तुर वापत (संघ तथा प्रदेशवाट बाँडफाँट भई प्राप्त हुने वाहेक) अनुमानित रु.२७ करोड ८० लाख ४४ हजार प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु.३ करोड ३१ लाख ७६ हजार अर्थात अनुमानको ११.९३ प्रतिशत आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ।

सैद्धान्तिक बेरुजु

६३ **व्यवसाय कर** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ। यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.३१ लाख ९१ हजार कर संकलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरूको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन। तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

६४ **सवारी कर** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६४ मा पालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए

बमोजिम सवारी कर उठाउने लक्ष्य राखेको छ। हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखी कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

सैद्धान्तिक बेरुजु

६५ **मनोरञ्जन कर -** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६४ बमोजिम सिनेमा भिडियो हल सांस्कृतिक प्रदर्शन हल संगित थियटर मनोरञ्जन प्रदर्शन स्थल ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ ।यस आर्थिकवर्षमा पालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाइएन । यस पालिकाको क्षेत्र भित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

# अनुसूचीहरू

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान : लमही नगरपालिका दाङ लमही नगरपालिका दाङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | प्रकाश देवकोटा | २०८०-११-३० | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | यज्ञ वहादुर वली | २०७७-१-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ७६५७१६७ | ६१४१९७९९ | १०२९३९७१ | ० | ० | ३७६१७०० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ८३१३२६३७ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | ० |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ८३१३२६३७ |

# आर्थिक कारोबारको स्थिति

स्थानीय तह : लमही नगरपालिका दाङ
अनुसुची - १

| गत बर्षको जिम्मेवारी | | ३४१४९९७४१ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ५२५४४०४८१ | **चालु खर्च** | ६२३९९६६०४ |
| **प्रदेश सरकारबाट अनुदान** | ४२७९६२२१ | **पूँजीगत खर्च** | ५०५२७०९७२ |
| **राजश्व बाँडफाँट** | १५५९६३६७४ | **वित्तीय/अन्य व्यवस्था** | ७८७४८११० |
| **आन्तरिक आय** | २१२८११३९ | | |
| **अन्य आय** | १८३५४५७३३ | | |
| **कुल आय** | ९२९०२७२४८ | **कुल खर्च** | १२०८०१५६८६ |
| **बाँकी मौज्दात** | | ६२५११३०३ | |

## प्राम्र्भिक प्रतिवेदनको दफा नं २.१ संग सम्वन्धित अनुसुची-२

| विवरण | टिप्पणी | यस वर्ष रु . | | | | गतवर्ष रु . | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्रासि / भुक्तानी | वस्तुगत/ सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्रासि / भुक्तानी | वस्तुगत/ सोझै भुक्तानी | जम्मा |
| प्रासी(क+ख) | | १४७०८७११३३.०० | ७११०१८७४१.२८ | | ७११०१८७४१.२८ | ७९६०५२४६६.६४ | | ७९६०५२४६६.६४ |
| क.प्रासि (संचितकोषमा आम्दानी बाँधिने) | | १४४३०९८७५७.०० | ६९०६७६४३३.७८ | ० | ६९०६७६४३३.७८ | ७५८१६४३४७.०१ | ० | ७५८१६४३४७.०१ |
| ११०००कर | ११ | २५३०२१०३२.०० | १५५९६३६७४.७८ | ० | १५५९६३६७४.७८ | १६०९०४७८५.५९ | ० | १६०९०४७८५.५९ |
| १३०००अनुदान | | ६८०९०१७५७.०० | ५६८२३६७०२.२५ | ० | ५६८२३६७०२.२५ | ५१९३१८०००.०० | ० | ५१९३१८०००.०० |
| संघीय सरकार | १२ | ६२७९८०७५७.०० | ५२५४४०४८१.२५ | ० | ५२५४४०४८१.२५ | ४७३६१७०००.०० | ० | ४७३६१७०००.०० |
| प्रदेश सरकार | १२ | ५२९२१०००.०० | ४२७९६२२१.०० | ० | ४२७९६२२१.०० | ४५७०१०००.०० | ० | ४५७०१०००.०० |
| १४००० अन्य राजस्व | | २५१३५००००.०० | २१२८११३९.५० | ० | २१२८११३९.५० | ७५१२५२६०.४२ | ० | ७५१२५२६०.४२ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १५००० विविध प्राप्ति | | ० | ० | ० | ० | २८१६३०१.०० | ० | २८१६३०१.०० |
| ३२००० वित्तीय सम्पत्ति | | २५७८२५९६८.०० | ० | ० | ० | ० | ० | ० |
| ख.अन्य प्राप्ति | | २७७७२३७६.०० | २०३४२३०७.५० | | २०३४२३०७.५० | ३७८८८११९.६३ | | ३७८८८११९.६३ |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० |
| कोषहरु | | २७७७२३७६.०० | ११५८०९४२.५० | ० | ११५८०९४२.५० | ३१०१०२४३.६३ | ० | ३१०१०२४३.६३ |
| धरौटी | | ० | ८७६१३६५.०० | ० | ८७६१३६५.०० | ६८७७८७६.०० | ० | ६८७७८७६.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| भुक्तानी(ग+घ) | | १४७०८७११३३.०० | ९९०००७१७८.९३ | | ९९०००७१७८.९३ | ८२०८७७५४९.८१ | | ८२०८७७५४९.८१ |
| ग.भुक्तानी(सञ्चितकोषबाट) | | १४४३०९८७५७.०० | ९६६०६४१५०.०९ | | ९६६०६४१५०.०९ | ७७९३२७७२४.०४ | | ७७९३२७७२४.०४ |
| २१०००पारिश्रमिक /सुविधा | १८ | २३५५४५०००.०० | १९९३१७८४४.०७ | ० | १९९३१७८४४.०७ | १७२२५२१९७.७५ | ० | १७२२५२१९७.७५ |
| २२०००मालसामान तथा सेवाकोउपयोग | १८ | ३६८८१७०००.०० | २३२७३२०२२.८३ | ० | २३२७३२०२२.८३ | २६०१६२५६४.६४ | ० | २६०१६२५६४.६४ |
| २५०००सहायता (Subsidy) | १८ | २२६९८०००.०० | १७२३८४०६.०० | ० | १७२३८४०६.०० | ११२७९९०१.०० | ० | ११२७९९०१.०० |
| २७०००सामाजिक सुरक्षा | १८ | १३१७८०००.०० | १०६२२५५०.५० | ० | १०६२२५५०.५० | ४३७०३०८.६५ | ० | ४३७०३०८.६५ |
| २८०००अन्यखर्च | १८ | ५८१६०००.०० | ८८२३५४.०० | ० | ८८२३५४.०० | ७५०६१७६.०० | ० | ७५०६१७६.०० |
| ३१०००गैरवित्ती यसम्पत्ती/पूँजीगतखर्च | १८ | ७९७०४४७५७.०० | ५०५२७०९७२.६९ | ० | ५०५२७०९७२.६९ | ३२३७५६५७६.०० | ० | ३२३७५६५७६.०० |
| घ.अन्य भूक्तानी | | २७७७२३७६.०० | २३९४३०२८.८४ | | २३९४३०२८.८४ | ८२०८७७५४९.८१ | | ८२०८७७५४९.८१ |
| कोषहरु | | २७७७२३७६.०० | १६३७८७५६.२० | ० | १६३७८७५६.२० | ३५८२६८०७.५० | ० | ३५८२६८०७.५० |
| धरौटी | | ० | ७५६४२७२.६४ | ० | ७५६४२७२.६४ | ५७२३०१८.२७ | ० | ५७२३०१८.२७ |
| संघीय प्रदेश सरकार वा अन्यकार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| ङ.यो वर्षको बचत(न्युन) | | | (२७८९८८४३७.६५) | | (२७८९८८४३७.६५) | (२४८२५०८३.१७) | | (२४८२५०८३.१७) |
| च.गतवर्षको जिम्मेवारी रकम(अ.ल्या) | | | ३४१४९९७४१.५७ | | ३४१४९९७४१.५७ | ३६६३२४८२४.७४ | | ३६६३२४८२४.७४ |
| वर्षान्तको बाकी रकम(ङ+च) | | | ६२५११३०३.९२ | | ६२५११३०३.९२ | ३४१४९९७४१.५७ | | ३४१४९९७४१.५७ |
| | | | | | | | | |
| बैंकतथानगदबाकी | २४ | | ११७३३१३८६.६७ | | ११७३३१३८६.६७ | ३४२११९०८९.५७ | | ३४२११९०८९.५७ |

संघिय सरकार र प्रदेश सरकार तर्फको **C-GAS** मार्फत आम्दानी र खर्चको आय व्यय विवरण निम्नानुसार रहेको छ ।

| सि.नं | आयतर्फ | | सि.नं | व्ययतर्फ | |
|---|---|---|---|---|---|
| | विवरण | रकम | | विवरण | रकम |
| १ | संघिय तर्फ सामाजिक सुरक्षा तथा संरक्षण निकासा | १६०६६७६०७।० | १ | संघिय तर्फ सामाजिक सुरक्षा तथा संरक्षण निकासा | १६०६६७६०७। |
| २ | संघिय तर्फ गरिवसंग विश्वेश्वर कार्यक्रम | ६२००००।०।० | २ | संघिय तर्फ गरिवसंग विश्वेश्वर कार्यक्रम | ६२००००।० |
| ३ | प्रदेश तर्फ भाषा तथा संस्कृति कार्यक्रम | १९१५८१९।० | ३ | प्रदेश तर्फ भाषा तथा संस्कृति कार्यक्रम | १९१५८१९ |
| | जम्मा | १६३२०३४२६।० | | जम्मा | १६३२०३४२६।० |